# आन्तरिक राजस्व कार्यालय, महाराजगञ्जको

## आय विवरण पेश नगरेका प्राकृतिक व्यक्तिहरुलाई आय विवरण पेश गर्ने सम्वन्धी सूचना!!!

**मिति- २०७७/१०/२०**

आर्थिक ऐन, २०७७ को दफा २१ ले स्थायी लेखा नम्वर लिई आय विवरण पेश नगर्ने वार्षिक पचास लाख रुपैयाँसम्मको कारोवार गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ को आय विवरण, सो **आय विवरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको पच्चिस प्रतिशतले हुने रकम सम्वत् २०७७ साल फागुन मसान्त सम्म वुझाएमा** सो भन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु पर्ने नपर्ने र त्यस्तो आयमा लाग्ने कर, शुल्क तथा व्याज मिन्हा हुने व्यवस्था गरेको हुँदा विगतमा स्थायी लेखा नम्वर लिई आय विवरण पेश नगर्ने वार्षिक पचास लाख रुपैयाँ सम्मको कारोवार गरेका प्राकृतिक व्यक्तिहरुले उक्त समयावधि भित्र **आय विवरण पेश गरी कर, शुल्क तथा व्याज मिन्हाको सुविधा उपयोग गर्न हुन** यो सूचना सम्वन्धित सवैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**"स्वच्छ, पारदर्शी तथा प्रविधिमैत्री कर प्रशासन: विकास, समृद्धि र सुशासन"**